2nd of sept, 2024

National News

मुख्य समाचार:-

- केन्द्रीय मन्त्रिमंडले कुल 2 हजार 8 सय 17 करोड रुपैयाँको  लागतको डिजिटल कृषि मिशनलाई गर्यो अनुमोदन
- प्रधानमन्त्रीले दिल्लीस्थित पार्टी मुख्यालयमा भाजपाको सदस्यता अभियानको गर्नुभयो शुभारम्भ
- जारी पेरिस पारा ओलम्पिकमा अहिलेसम्म भारतले जित्यो दुईवटा स्वर्ण, तीनवटा रजत र चारवटा कास्यसहित कुल नौवटा पदक
- AAP का  विधायक वक्फ बोर्डका नियुक्तिमा कथित अनियमितता को आरोपमा प्रक्राउ
- तेलंगनामा भारी वर्षा र बाढीका कारण 16 जनाको मृत्यु
- रुसमा हेलिकप्टर दुर्घटनामा मृत्यु भएका 22 जनाको शव फेला

केन्द्रीय मन्त्रिमंडले कुल 2 हजार 8 सय 17 करोड रुपैयाँको  लागतको डिजिटल कृषि मिशनलाई गर्यो अनुमोदन

केन्द्रीय मन्त्रिमंडले 2 हजार 8 सय 17 करोड रुपैयाँको कुल लागतको डिजिटल कृषि मिशनलाई अनुमोदन गरेको छ।  आज नयाँदिल्लीमा सञ्चारकर्मीहरुलाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले किसानको जीवनस्तरमा सुधार र आम्दानी बढाउन मन्त्रिमंडलको बैठकले धेरै महत्वपूर्ण निर्णय गरेको जानकारी दिनुभयो। केन्द्रीय मन्त्रिमंडले खाद्य र पोषण सुरक्षाको लागि 3 हजार 9 सय (79) उनासी   करोड रुपैयाँको योजनालाई अनुमोदन गरेको छ। सरकारले 2 हजार 2 सय 91 करोडको लागतमा कृषि शिक्षा र व्यवस्थापनलाई सुदृढ गर्ने निर्णय गरेको छ । मन्त्रिमंडलको बैठकमा पशु स्वास्थ्य र जनसंख्या वृद्धिको लागि 1 हजार 7 सय 2 करोडको योजना पनि स्वीकृत गरिएको छ। यसबाहेक 800 सय 60 करोडको लागतमा बागवानीको दिगो विकास कार्यक्रमका लागि अनुमति दिइएको थियो। 1 हजार 2 सय 2 करोडको लागतमा कृषि विज्ञान केन्द्रहरू र एक हजार एक सय 15 करोडको लागतमा प्राकृतिक स्रोत व्यवस्थापनलाई सुदृढ गर्ने निर्णय गरिएको छ। यस बैठकमा, मुम्बई र इन्दौर बीचको 309 किलोमिटर लामो नयाँ रेल लाइन परियोजना 18 हजार 36

करोडको लागतमा पनि स्वीकृत गरिएको छ। यो परियोयोजना 2028 देखि 2029 सम्ममा सम्पन्न हुनेछ ।

<u>प्रधानमन्त्रीले दिल्लीस्थित पार्टी मुख्यालयमा भाजपाको सदस्यता अभियानको गर्नुभयो शुभारम्भ</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा भाजपाको सदस्यता अभियानको शुभारम्भ गर्नुभयो। आफ्नो सम्बोधनमा बीजेपीका राष्ट्रिय अध्यक्ष श्री जगतप्रकाश नड्डाले भन्नुभयो भाजपा एक मात्र यस्तो पार्टी हो जसले भारतीय संविधानमा समाहित मूल्यमान्यता अनुसार काम गर्दछ । उहाले श्री मोदी देशका प्रधान सेवक र पार्टीका सबै कार्यकर्ताका लागि प्रेरणाको स्रोत भएको बताउनुभयो।

पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री श्री अमित शाहले भाजपा विश्वको सबैभन्दा ठूलो राजनीतिक दल मात्र नभएर सबैभन्दा लोकतान्त्रिक पार्टी पनि भएको बताउनुभएको छ। उहाले भन्नुभयो, 'भाजपाजस्तो पारदर्शिता र इमान्दारीका साथ अरु कुनै पार्टीले सदस्यता अभियान सञ्चालन गर्दैन र 2047 सम्म विकसित भारतको लक्ष्य हासिल गर्ने माध्यम भाजपा मात्र हो। पार्टीका वरिष्ठ नेता र केन्द्रीय रक्षामन्त्री श्री राजनाथ सिंहले पनि भाजपा विश्वको सबैभन्दा विश्वसनीय राजनीतिक दलको रूपमा उभिएको मन्तव्य पोख्नुभयो।

<u>जारी पेरिस पारा ओलम्पिकमा अहिलेसम्म भारतले जित्यो दुईवटा स्वर्ण, तीनवटा रजत र चारवटा कास्यसहित कुल नौवटा पदक</u>

भारतका पारा ब्याडमिन्टन खेलाडी नितिश कुमारले पेरिस पाराओलम्पिकमा पुरुष एकल एसएल–3 विधामा स्वर्ण पदक जितेका छन्। फाइनल खेलमा उनले बेलायतका draniel bethel लाई पराजित गर्दै स्वर्ण जितेका हुन्। यसअघि आज भएको पुरुष डिस्कस थ्रो एफ–56 इभेन्टमा योगेश kathuniya ले रजत पदक जितेका थिए। आफ्नो पहिलो प्रयासमा 42.22 मिटरको दूरीमा डिस्कस फ्याँक्दै, उनले आफ्नो उत्कृष्ट प्रदर्शनको साथ लगातार दोस्रो पाराओलम्पिक रजत पदक जितेका छन्। पुरुष एकल एसएल–4 विधाको फाइनलमा आज राति सुहास यतिराजले फ्रान्सका lucas mazurसँग प्रतिस्पर्धा गर्नेछन्। यससँगै सुकान्त कदमले पुरुष एकलको एसएल–4 विधाको कास्य पदक खेलमा आफ्नो चुनौती प्रस्तुत गर्नेछन्।महिला एकल ब्याडमिन्टनको एसयू-5 फाइनलमा आज राति tulusimthi murugatiion ले चीनकी

yang su jiya सँग प्रतिस्पर्धा गर्नेछिन्। आज आर्चरी र भाला थ्रोमा पनि भारतीय खेलाडीले पदकका लागि दाबी प्रस्तुत गर्नेछन्।जारी पेरिस पारा ओलम्पिकमा भारतले अहिलेसम्म दुईवटा स्वर्ण, तीनवटा रजत र चारवटा कास्यसहित कुल नौवटा पदक जितेको छ।

## AAP का  विधायक वक्फ बोर्डका नियुक्तिमा कथित अनियमितता को आरोपमा प्रक्राउ

प्रवर्तन निदेशालयले आज आम आदमी पार्टीका विधायक श्री अमान-तुल्लाह् खानलाई दिल्ली वक्फ बोर्डका नियुक्तिमा कथित अनियमितता र करिब 100 करोडको बोर्डको  सम्पत्ति भाडामा दिएको आरोपमा पक्राउ गरेको छ। उहासँग केरकार  गर्न निर्देशनालयको टोली आज बिहान नयाँ दिल्लीस्थित विधायकको निवासमा पुगेको थियो। अर्कोतर्फ आम आदमी पार्टीले प्रवर्तन निदेशालयको कार्यको आलोचना गरेको छ।   पार्टीका नेता र श्री सन्जय सिंहले विधायक श्री अमान-तुल्लाह् खानमाथि लगाइएको आरोप निराधार भएको बताउनुभएको छ। पार्टीका अर्का नेता श्री  सौरभ भारद्वाजले भाजपाले विधायक खानलाई चुनाव लड्नबाट रोक्नको लागि पक्राउ गरेको आरोप लगाउनु भएको छ भने भाजपाले प्रवर्तन निदेशालयको कार्यको स्वागत गरेको छ। दिल्ली भाजपा प्रदेश अध्यक्ष श्री वीरेन्द्र सचदेवाले पनि पार्टीको पक्ष राख्दै   विधायक श्री अमान-तुल्लाह् खानले दिल्ली वक्फ बोर्डमा अवैध भर्ती गरेको आरोप लगाउनुभएको छ। दिल्लीका भाजपा सांसद श्री  योगेन्द्र चन्डोलियाले दिल्लीका आम आदमी पार्टीका सबै विधायक र काउन्सिलरहरू भ्रष्ट भएको आरोप लगाउनु भएको छ।

## तेलंगनामा भारी वर्षा र बाढीका कारण 16 जनाको मृत्यु

तेलंगनामा भारी वर्षा र बाढीका कारण 16 जनाको मृत्यु भएको छ। राज्य सूचना प्रविधि मन्त्री श्री श्रीधर बाबुले आज हैदराबादमा मिडियालाई सम्बोधन गर्दै यो जानकारी दिनुभएको हो। सरकारले राहतको कामलाई तीव्रता दिइरहेको पनि उहाँले बताउनुभयो।

यसैबीच, मुख्यमन्त्री श्री रेवन्त रेड्डी वर्षाबाट सबैभन्दा धेरै प्रभावित बनेको खम्मम जिल्लाको भ्रमण गर्न प्रस्थान गर्नुभएको छ। तेलंगना र आन्ध्रा प्रदेशमा भारी वर्षाका कारण रेल र बस सेवा प्रभावित भएका छन्। दुवै राज्यमा बाढी प्रभावित क्षेत्रबाट मानिसहरूलाई उद्धार गरेर राहत शिविरमा लगिएको छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आन्ध्र प्रदेशका मुख्यमन्त्री श्री चन्द्रबाबु नायडू र तेलंगानाका मुख्यमन्त्री श्री रेवन्त रेड्डीसँग कुरा

गर्दै उहाँहरूलाई केन्द्रबाट सबै सम्भव सहयोग गर्ने आश्वासन दिनुभएको छ। मुख्यमन्त्री श्री नायडूले राज्यका वर्षा प्रभावित मानिसहरूलाई सहयोग गर्न राज्य सरकारले कुनै कसर बाँकी नराख्ने पनि बताउनुभएको छ।

## रुसमा हेलिकप्टर दुर्घटनामा मृत्यु भएको 22 जनाको शव फेला

रुसमा MI- 8 हेलिकप्टर दुर्घटनामा मृत्यु भएको 22 जनाको शव फेला परेको छ। 22 जना यात्रु सवार यो हेलिकप्टर, रुसको सुदूर पूर्वको कामचाटका क्षेत्रमा अगस्ट 31 मा बेपत्ता भएको थियो। हेलिकप्टर, उडान भरेको केही समयमै सम्पर्कविहीन भएको थियो।